राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३३३ २०८३ असार १९ गते शुक्रवार (03 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## गोठमा सुतिरहेका छिमेकीको हत्या, युवक पक्राउ

दैनिक समाचारदाता

सर्लाही, १८ असार । सर्लाहीको बसबरिया गाउँपालिका-१ मानपुरमा आफ्नै छिमेकीको हत्या गरेको आरोपमा २५ वर्षीय सन्तोषकुमार राय पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय सर्लाहीले बिहीबार पत्रकार सम्मेलन गर्दै उनलाई सार्वजनिक गरेको हो ।

प्रहरीका अनुसार रायले ५३ वर्षीय छिमेकी होसनारायण राय यादवको धारिलो हतियार (हँसिया) प्रहार गरी हत्या गरेको आरोप छ । प्रारम्भिक अनुसन्धानमा उनले आफ्नै बुबा र भिनाजुलाई फसाउने उद्देश्यले हत्या गरेको स्वीकार गरेको प्रहरीले जनाएको छ ।

सर्लाहीका प्रहरी प्रमुख एसपी रवीन्द्रनाथ पौडेलका अनुसार अभियुक्त रायले प्रारम्भिक सोधपुछका क्रममा अपराध स्वीकार गरेका छन् । उनले मोबाइल खरिदका लागि पैसा माग्दा बुबासँग विवाद भएको र परिवारका सदस्यले सुधार केन्द्र पठाउने धम्की दिने गरेकाले उनीहरूप्रति रिस बढ्दै गएको बताएका छन् ।

घटना ७ असार राति भएको हो । भैंसी गोठमा सुतिरहेका यादवमाथि आक्रमण हुँदा घाँटीमा गम्भीर चोट लागेको थियो । उपचारका लागि अस्पताल पुर्‍याइए पनि चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

घटनापछि फरार रहेका रायलाई १६ असारमा बरहथवा नगरपालिका-७ बाट पक्राउ




गरिएको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा घटनास्थल आसपासको सीसीटीभी फुटेजका आधारमा उनीमाथि शंका केन्द्रित भएको थियो । प्रहरीका अनुसार घटनामा प्रयोग गरिएको चोरीको मोटरसाइकल ८ असारमा लालबन्दी नगरपालिका-२ नवलपुर क्षेत्रमा बेवारिसे अवस्थामा फेला परेको थियो । उक्त मोटरसाइकल छिमेकी हरिन्द्रराम यादवको रहेको र अभियुक्तले चोरी गरी घटनामा प्रयोग गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

प्रहरीले अभियुक्त रायविरुद्ध कर्तव्य ज्यान तथा चोरी मुद्दा दर्ता गरी सर्लाही जिल्ला अदालतबाट सात दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

## डेढ वर्षमा मधेशमा बोक्सी आरोपका २६ पीडित

दैनिक समाचारदाता

जनकपुरधाम १८ असार । विज्ञान र प्रविधिको तीव्र विकास तथा शिक्षा र जनचेतनाको विस्तार हुँदै गए पनि मधेश प्रदेशमा बोक्सी आरोपसम्बन्धी अन्धविश्वासजन्य हिंसा अझै चिन्ताजनक रूपमा कायम रहेको देखिएको छ । पछिल्लो डेढ वर्षको अवधिमा प्रदेशमा बोक्सीको आरोपमा २६ जना पीडित भएको तथ्यांक सार्वजनिक भएको छ ।

परम्परागत रूपमा अशिक्षा, गरिबी, अन्धविश्वास र सामाजिक रूपमा पछाडि पारिएका समुदायमा बढी देखिने यस्ता घटनाहरू आधुनिक समाजमा पनि निरन्तर भइरहनुले सामाजिक चेतना, कानुनी कार्यान्वयन र मानवअधिकार संरक्षणका प्रयासमाथि गम्भीर प्रश्न उठाएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेश प्रदेशले सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०२६ को जनवरीदेखि जुनसम्म मधेश प्रदेशमा बोक्सी आरोपसँग सम्बन्धित हिंसाका ११ जना पीडित भएका छन् । जिल्लागत विवरणअनुसार धनुषामा पाँच, सर्लाहीमा तीन, रौतहटमा दुई तथा पर्सामा एक जना पीडित भएका हुन् ।

त्यसअघि सन् २०२५ को जनवरीदेखि डिसेम्बरसम्म प्रदेशभर यस्ता घटनाका १५ जना पीडित भएका थिए । इन्सेकका अनुसार उक्त अवधिमा धनुषामा




सात, सर्लाहीमा पाँच, बारामा दुई तथा महोत्तरीमा एक जना बोक्सी आरोपमा हिंसाको शिकार भएका थिए।

यसरी हेर्दा सन् २०२५ को सुरुदेखि सन् २०२६ को जुनसम्मको डेढ वर्षको अवधिमा मधेश प्रदेशमा बोक्सी आरोपका कारण २६ जना पीडित भएको देखिन्छ। तथ्यांकले धनुषा र सर्लाहीमा यस्ता घटना तुलनात्मक रूपमा बढी रहेको संकेत गरेको छ।

बोक्सीको आरोप लगाएर महिलामाथि कुटपिट गर्ने, सार्वजनिक रूपमा अपमानित गर्ने, अमानवीय व्यवहार गर्ने, मलमूत्र खुवाउने, घरबाट निकाला गर्ने तथा सामाजिक बहिष्कारमा पार्ने जस्ता क्रियाकलाप मानवअधिकारको गम्भीर उल्लंघन र कानुनले दण्डनीय अपराध मानेका छन्। यस्ता घटनाले पीडितको शारीरिक, मानसिक तथा सामाजिक जीवनमा दीर्घकालीन असर पार्ने गरेको अधिकारकर्मीहरूको भनाइ छ ।

इन्सेकको तथ्यांकले विशेषगरी विवाहित महिलाहरू यस्ता हिंसाका घटनामा बढी पीडित हुने गरेको देखाएको छ । पारिवारिक विवाद, सम्पत्तिको लोभ, सामाजिक पूर्वाग्रह, अन्धविश्वास तथा लैङ्गिक विभेदका कारण महिलालाई बोक्सीको आरोप लगाएर हिंसा गर्ने प्रवृत्ति अझै कायम रहेको सरोकारवालाहरू बताउँछन् ।

मानवअधिकारकर्मीहरूले बोक्सी आरोपसम्बन्धी हिंसा न्यूनीकरणका लागि कानुनको प्रभावकारी कार्यान्वयन, दोषीलाई कडा कारबाही, समुदायस्तरमा जनचेतनामूलक अभियान, स्थानीय सरकारको सक्रियता तथा पीडितको संरक्षण र पुनःस्थापनामा राज्यले विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याएका छन्।

## बजेटमा सहमति नजुट्दा मधेश प्रदेशसभा अनिश्चितकालका लागि स्थगित

दैनिक समाचारदाता

जनकपुरधाम, १८ असार । बजेट संशोधनको माग गर्दै मधेश प्रदेशसभाका प्रमुख प्रतिपक्षी दलहरूले बिहीबार पनि प्रदेशसभा बैठक अवरुद्ध गरेका छन्। प्रमुख प्रतिपक्षी दल जसपा नेपाल र प्रतिपक्षी जनमत पार्टीले संयुक्त रूपमा विरोध जनाउँदै बैठक सञ्चालन हुन दिएका छैनन्।

बैठक सुरु हुनासाथ जनमत पार्टीका सांसद संजयकुमार यादवले सरकारले प्रस्तुत गरेको बजेट विकासमुखीभन्दा पनि टुक्रे योजनामा केन्द्रित रहेको आरोप लगाए। एक करोड रुपैयाँका योजनाको नाममा साना(साना कार्यक्रम समेटेर बजेट ल्याइएको भन्दै उनले यस्तो प्रवृत्तिले संघीय शासन व्यवस्थाप्रति नागरिकको विश्वास कमजोर बनाउने दाबी गरे।

उनले बजेटमा आवश्यक संशोधन नगरिएसम्म प्रतिपक्षी दलहरूले प्रदेशसभा बैठक सञ्चालन हुन नदिने चेतावनी दिए।

त्यसैगरी, जसपा नेपालका सांसद उपेन्द्र महतोले बजेट वितरण



प्रक्रियामाथि गम्भीर प्रश्न उठाउँदै बजेट संशोधन गर्नुपर्ने वा त्यससम्बन्धी विवाद छानबिन गर्न संसदीय समिति गठन गर्नुपर्ने माग दोहोर्‍याए। यीमध्ये कुनै एक माग पूरा नभएसम्म सदन सञ्चालन हुन नदिने उनको अडान थियो।


प्रतिपक्षी सांसदहरूले नाराबाजी गर्दै बैठक अवरुद्ध गरेपछि सभामुख रामअशिष यादवले प्रदेशसभा बैठक अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित भएको घोषणा गरे।

यसअघि बुधबार पनि बजेटमाथिको छलफलका लागि बोलाइएको प्रदेशसभा बैठक प्रतिपक्षी दलहरूको अवरोधका कारण प्रभावित भएको थियो। त्यसबेला १० मिनेटका लागि बैठक स्थगित गरिए पनि पुनः सञ्चालन हुन सकेको थिएन।


लगातार दोस्रो दिन पनि प्रदेशसभा बैठक अवरुद्ध भएपछि मधेश प्रदेशको बजेटसम्बन्धी संसदीय प्रक्रिया अन्योलमा परेको छ। बजेट विवाद समाधानका लागि सत्ता पक्ष र प्रतिपक्षबीच सहमतिको प्रयास जारी रहे पनि हालसम्म कुनै ठोस निष्कर्ष निस्किएको छैन।

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर

जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,

Phone :9861147201

नैना होस्पिटल प्रा.लि.

जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,

Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# विकास रोक्ने असमझदारी

आर्थिक वर्षको अन्तिम चरणमा मधेश प्रदेश सरकारभित्र देखिएको असमझदारीले विकास प्रशासनको कमजोर अवस्थालाई पुनः उजागर गरेको छ। निर्माण सम्पन्न भइसकेका योजनाको भुक्तानी रोकिँदा एकातिर निर्माण व्यवसायी र उपभोक्ता समितिहरू आन्दोलनमा उत्रिएका छन् भने अर्कोतर्फ प्रदेश सरकारको निर्णय क्षमता, वित्तीय अनुशासन र समन्वय प्रणालीमाथि गम्भीर प्रश्न उठेको छ। विकासका नाममा गरिएको प्रतिबद्धता अन्ततः प्रशासनिक अन्योल र राजनीतिक मतभेदको सिकार बन्नु दुःखद अवस्था हो ।

भौतिक पूर्वाधार मन्त्रालयअन्तर्गतका ४८ वटा योजनाको करिब एक अर्ब रुपैयाँ भुक्तानी रोकिएको घटना सामान्य प्रशासनिक समस्या मात्र होइन। यो सरकारभित्रको समन्वय अभाव, अस्पष्ट नीति र कमजोर निर्णय प्रक्रियाको परिणाम हो। निर्माण व्यवसायीहरूले मन्त्रालयको निर्णय र कानुनी प्रक्रियाअनुसार काम सम्पन्न गरेका छन् भने सरकारले अन्तिम समयमा आएर बजेट रोक्नु राज्यप्रतिको विश्वास कमजोर बनाउने कार्य हो। यसबाट व्यवसायीहरू आर्थिक संकटमा परेका छन् भने मजदुर, आपूर्तिकर्ता र स्थानीय अर्थतन्त्रसमेत प्रभावित भएको छ ।

अर्थ मन्त्रालयले खर्च मापदण्ड कार्यान्वयनको तर्क अघि सारेको छ। कानुनी प्रक्रिया पालना गर्नु आवश्यक पनि हो। तर आर्थिक वर्षभरि योजना सञ्चालन गर्न अनुमति दिने, बजेट प्रणाली खोल्ने, पेस्की वितरण गर्न दिने र अन्तिम समयमा पुनः बजेट रोक्ने कार्य कुनै पनि दृष्टिले सुशासनको उदाहरण बन्न सक्दैन। यदि पूर्वस्वीकृतिको व्यवस्था अनिवार्य थियो भने त्यसको कडाइ सुरुदेखि नै हुनुपर्थ्यो। निर्माण सम्पन्न भइसकेपछि भुक्तानी रोक्नु प्रशासनिक कमजोरीलाई व्यवसायीमाथि थोपर्ने प्रयास मात्र देखिन्छ ।

यस घटनाले गठबन्धन सरकारभित्रको राजनीतिक असमझदारी पनि सतहमा ल्याएको छ। खर्च कटौती, बजेट नियन्त्रण र मन्त्रिपरिषद्का निर्णयलाई लिएर मुख्यमन्त्री, अर्थमन्त्री र अन्य मन्त्रालयबीच देखिएको मतभेदले सरकारको सामूहिक उत्तरदायित्वमाथि प्रश्न उठाएको छ। एउटै सरकारभित्र फरक-फरक निर्णय, एकअर्काका निर्णय कार्यान्वयनमा अनिच्छा र वैधानिकतामाथि विवाद सिर्जना हुनु प्रदेश सरकारका लागि राम्रो संकेत होइन। यस्तो अवस्थाले प्रशासनिक संयन्त्रसमेत अन्योलमा पर्छ र त्यसको प्रत्यक्ष असर विकास योजनामा देखिन्छ ।

हरेक आर्थिक वर्षको अन्त्यमा असारे विकास, हतारमा खर्च र भुक्तानी विवाद दोहोरिने पुरानो प्रवृत्ति अझै अन्त्य हुन सकेको छैन। योजना छनोटदेखि बजेट विनियोजन, कार्यान्वयन र भुक्तानीसम्म स्पष्ट कार्यतालिका र प्रभावकारी अनुगमनको अभावले यस्ता समस्या दोहोरिइरहेका छन्। विकासलाई राजनीतिक प्रतिस्पर्धा वा मन्त्रालयगत शक्ति प्रदर्शनको माध्यम बनाइँदा अन्ततः जनताले अपेक्षा गरेको सेवा र पूर्वाधार निर्माण नै प्रभावित हुन्छ ।

अब मधेश प्रदेश सरकारले दोषारोपणभन्दा समाधानमा ध्यान दिनुपर्छ। कानुनी रूपमा सम्पन्न भइसकेका योजनाको भुक्तानी यथाशीघ्र सुनिश्चित गरिनुपर्छ। खर्च मापदण्ड, बजेट स्वीकृति र कार्यान्वयन प्रक्रियामा देखिएका अस्पष्टता तत्काल हटाइनुपर्छ। साथै मन्त्रिपरिषद्, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयबीच प्रभावकारी समन्वय कायम गरी एउटै धारणा र एउटै निर्णयका आधारमा विकास प्रशासन सञ्चालन गर्नुपर्छ ।प्रदेश सरकारको सफलता बजेट घोषणा गर्ने क्षमताले होइन, बजेटको प्रभावकारी कार्यान्वयन र समयमै भुक्तानी गर्ने जिम्मेवारीले मापन हुन्छ। विकास रोक्ने आन्तरिक असमझदारी अन्त्य गरेर सुशासन, पारदर्शिता र उत्तरदायित्व स्थापित गर्न सके मात्र मधेश प्रदेश सरकारले जनविश्वास कायम राख्न सक्छ। अन्यथा, राजनीतिक विवादको मूल्य विकासले चुकाइरहनेछ र त्यसको सबैभन्दा ठूलो मार आम नागरिकले नै बेहोर्नुपर्नेछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# हामी असक्षम, दोष मार्क्सवादलाई ?

*तुल्सीदास महर्जन*

नेपालमा भर्खरै सम्पन्न आम चुनावमा 'वामपन्थी वा कम्युनिस्टहरू' को लज्जास्पद हार भएपछि त्यसको कारणको विश्लेषण गर्ने क्रममा मार्क्सवाद नै गलत र असान्दर्भिक भएकाले उनीहरुले त्यस्तो नतिजा बेहोर्नुपरेको हो भन्ने तर्क गर्दै अनलाइनखबर डटकमको असार ४ गतेको अङ्कमा एक लेख छापियो ।

सो लेखका लेखक मोहन तिम्सिना नेपाली वामपन्थी आन्दोलनकै एक कार्यकर्ता भएको बुझिन्छ । त्यस लेखको आधारमा उनी अब उप्रान्त मार्क्सवाद र कम्युनिस्ट आन्दोलनबाट अलग भएको पुष्टि मिल्छ ।

प्रस्तुत आलेखले मार्क्सवादका आधारभूत प्रस्थापनाहरू (द्वन्द्वात्मक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्ग सङ्घर्ष, र साम्यवाद) माथि केही गम्भीर र परम्परागत गैर-मार्क्सवादी प्रश्नहरू उठाएको छ । लेखकले मार्क्सवादलाई 'यान्त्रिक', 'विज्ञानद्वारा खण्डित' र 'मानव स्वभाव विपरीत' ठहर गर्दै कम्युनिस्ट आन्दोलनको संकटको मुख्य दोषी मार्क्सवादी दर्शन नै रहेको दाबी गरेका छन् ।

यद्यपि, मार्क्सवादी दर्शन, आधुनिक विज्ञान र समकालीन राजनीतिक-आर्थिक यथार्थको कूटनीतिक एवं गम्भीर समीक्षा गर्ने हो भने उक्त आलेखमा मार्क्सवादको अति-सरलीकरण र यान्त्रिक बुझाइ रहेको देखिन्छ । त्यस आलेखको मार्क्सवादी दृष्टिकोणका आधारमा विश्लेषण गर्दा देखिएका विरोधाभासहरु यहाँ प्रस्तुत गरिन्छ ।

*१. उनी तर्क गर्छन- 'मार्क्सवादले एकतर्फ* 'सङ्घर्ष स्थायी र निरपेक्ष हुन्छ' भन्छ भने अर्कोतर्फ 'साम्यवादमा वर्ग र वर्गसङ्घर्ष रहँदैन' भन्दै समाजलाई सङ्घर्षहीन एकत्वमा पुऱ्याउँछ, जुन विरोधाभासपूर्ण छ" । उनको यो तर्कले मार्क्सवादी द्वन्द्ववादको 'शत्रुतापूर्ण' र 'गैर-शत्रुतापूर्ण' विरोधाभास बीचको भिन्नतालाई बुझ्न सकेको देखिँदैन । मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' (१८४४) मा "आजसम्मको मानव इतिहास वर्ग सङ्घर्षको इतिहास हो' भन्दा लिखित इतिहास अर्थात् वर्गीय समाजको इतिहासलाई मात्र भनेका हुन् ।

साम्यवादमा वर्गहरू समाप्त हुनु भनेको 'सङ्घर्ष' वा 'गतिशीलता' समाप्त हुनु होइन, केवल वर्गीय उत्पीडन र मानिसद्वारा मानिसको शोषणको अन्त्य हुनु हो । माओ त्से तुङले आफ्नो दार्शनिक कृति 'अन्तरविरोध बारे' (१९३७) मा स्पष्ट गरेका छन् कि विरोधाभास सम्पूर्ण ब्रह्माण्डको सर्वव्यापी नियम हो । साम्यवादमा पनि पुरानो र नयाँ विचार, सही र गलत प्रविधि, तथा मानिस र प्रकृतिबीचको गैर-शत्रुतापूर्ण द्वन्द्व निरन्तर जारी रहन्छ र त्यसैले समाजलाई गति दिन्छ । तसर्थ, मार्क्सवादले समाजलाई जड वा गतिहीन एकत्वमा संकुचित गर्दैन ।

२. *'प्रकृतिसँग सङ्घर्ष'* को सम्बन्धमा मार्क्सको भनाइलाई लिई लेखक तिम्सिना भन्छन्- 'मार्क्सले साम्यवादमा 'मानिस र प्रकृति बीच सङ्घर्ष हुन्छ' भनेर अप्राकृतिक कुरा गरे, किनकि मानिस त प्रकृतिको अंग हो र उसले सहकार्य गर्छ ।'

यस भनाइको अन्तर्यलाई हेर्दा उनले 'प्रकृतिसँगको सङ्घर्ष' को कुरालाई मानिसले जंगल फँडानी गर्ने वा वातावरण विनाश गर्नेसँग जोडेर बुझेको देखिन्छ, जुन मार्क्सको आशय होइन । मार्क्सले 'इकोनोमिक एण्ड फिलोसोफिकल मानुस्क्रिप्ट (१८४४) मा स्पष्ट रूपमा साम्यवादलाई 'मानिस र प्रकृति तथा मानिस र मानिसबीचको विरोधाभासको साँचो समाधान' भनेका छन् ।

मार्क्सका अनुसार पूँजीवादले प्रकृति र मानवबीचको 'मेटाबोलिक सम्बन्ध' लाई बिगार्छ । साम्यवादमा प्रकृतिसँगको 'सङ्घर्ष' भनेको प्रकृतिको अन्धो विनाश होइन, बरु प्रकृतिका नियमहरू (बाढी, अनिकाल, महामारी आदि) लाई विज्ञानको मद्दतले बुझ्ने र मानव हितमा सन्तुलित ढंगले प्रयोग गर्ने बौद्धिक एवं वैज्ञानिक सङ्घर्ष हो । मार्क्सवादले मानिसलाई प्रकृतिको मालिक होइन, बरु सचेत अंग मान्दछ ।

त्यस्तै गरी एङ्गेल्सले आफ्नो पुस्तक 'डाइलेक्टिस अफ नेचर' मा भनेका छन्- 'हामीले प्रकृतिमाथि विजय प्राप्त गर्यौं भनेर घमण्ड गर्नु हुँदैन । किनकि, प्रत्येक विजयको बदला प्रकृतिले हामीबाट लिन्छ । हामीले सोचेका परिणामहरू त आउँछन्, तर त्यसपछि यस्ता अप्रत्याशित समस्याहरू सिर्जना हुन्छन् जसले हाम्रो पहिलो सफलतालाई पनि समाप्त पारिदिन्छ ।'

एङ्गेल्सको तर्क थियो कि मानिस प्रकृतिभन्दा बाहिरको कुनै 'विजेता' होइन; मानिस प्रकृतिकै हिस्सा हो र प्रकृतिका नियमहरूलाई बुझेर मात्र हामी राम्रोसँग बाँच्न सक्छौं ।

पुँजीवादी व्यवस्थामा पुँजीजिवी व्यवसायीहरूको ध्यान केवल छिटो नाफा कमाउनुमा हुन्छ । यसले गर्दा उनीहरूलाई त्यसको दीर्घकालीन असरबारे वास्ता हुँदैन ।

यस सम्बन्धमा एङ्गेल्स भन्छन 'जबसम्म कुनै उत्पादक वा व्यापारीले नाफा कमाउँछन्, उनीहरू खुसी हुन्छन् । त्यसपछि वस्तुको वा वातावरणको के हुन्छ, त्यसको उनीहरूलाई कुनै चासो हुँदैन ।'

उदाहरणका लागि, मानिसले खेत बनाउनका लागि अन्धाधुन्ध जंगल फँडानी गरे । उनीहरूले कहिल्यै सोचेनन् कि ती जंगलहरूले वर्षाको पानी जोगाएर राख्ने काम गर्थे । जंगल नष्ट गरेपछि आज ती ठाउँहरू मरुभूमि बनेका छन् ।


त्यसकारण प्रकृति विनाशको कार्य नाफाका लागि पुँजीवादमा हुँदै गरेको छ, लेखक मोहन तिम्सिनाले संकेत गरेजस्तो साम्यवादमा हुने देखिँदैन । साम्यवाद सम्पूर्ण प्रकृतिको संरक्षण गर्ने समाज हुनेछ, किनकि त्यहाँ नाफाका लागि अन्धो रुपले प्रकृतिको दोहन गर्ने क्रियाकलाप हुने स्थिति नै हुन्न । साम्यवादमा उत्पादन क्रियाकलाप मानव आवश्यकता पूरा गर्नका लागि नै गरिने छ, नाफा कमाउनका लागि होइन ।

*३. आधुनिक भौतिक विज्ञान र यान्त्रिक बिम्बको प्रश्नमा आलेखका लेखक तिम्सिना तर्क गर्छन-* 'मार्क्सको समयको विज्ञान यान्त्रिक थियो र आजको आधुनिक विज्ञान (जस्तैः क्वांटम फिजिक्स) ले मार्क्सवादका दार्शनिक नियमहरूलाई खण्डन गरिसक्यो ।'

तर वास्तवमा यथार्थ यसको ठीक विपरीत छ । १७ औं शताव्दीको न्युटोनियन फिजिक्सको जगमा उभिएर १९ औं शताब्दीमा जन्मिएको यान्त्रिक भौतिकवादलाई खण्डन गरेर नै मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादको विकास गरेका थिए । फ्रेडरिक एङ्गेल्सले आफ्नो कृति 'डाइलेक्टिस अफ नेचर' (१८७३-८२) र 'एन्टी ड्युहरिङ' (१८७८) मा तत्कालीन यान्त्रिक विज्ञानको सरलीकरणलाई आलोचना गर्दै प्रकृति गतिशील र परिवर्तनशील छ भन्ने विचार स्थापित गरेका थिए ।

आजको आधुनिक विज्ञान (क्वान्टम यान्त्रिकी र सापेक्षतावाद) ले के देखाउँछ भने पदार्थ स्थिर छैन; यो कण र तरंग दुवै स्वरूपमा रहन्छ (द्वैत स्वभाव) र यसमा अन्तर्निहित विरोधाभास हुन्छ । आधुनिक विज्ञानको यो निष्कर्ष मार्क्सवादी द्वन्द्ववाद (विपरीत तत्वहरूको एकता र सङ्घर्ष) सँग पूर्ण रूपमा मेल खान्छ, न कि यसको खण्डन हुने गर्छ ।

*४. अतिरिक्त मूल्यको सिद्धान्त र डिजिटल अर्थतन्त्रबिच विरोधाभास देखाउन उनी तर्क गर्छन-* 'आजको सफ्टवेयर क्रान्ति, डेटा इकोनोमी र कलाकार/खेलाडीको अत्यधिक कमाइले अतिरिक्त मूल्यको सिद्धान्तलाई असान्दर्भिक वा विवादास्पद बनाएको छ।'




लेखकको यो भनाइ अतिरिक्त मूल्यको सिद्धान्त सम्बन्धमा उनको सीमित बुझाइको परिचय हो । उनले केही हदसम्म 'साझा अतिरिक्त मूल्य' को अवधारणा स्वीकार गरे तापनि मार्क्सको सिद्धान्तलाई व्यक्तिगत आर्जनसँग जोडेर संकुचित बनाएका छन् । मार्क्सले 'पुँजी' (ग्रन्थ. १) मा स्पष्ट गरेका छन् कि मूल्यको सिर्जना केवल शारीरिक श्रमले मात्र गर्दैन, 'सामाजिक रूपमा आवश्यक श्रम समय' ले निर्धारण गर्छ ।

आजको डिजिटल वा डेटा इकोनोमीमा पनि माइक्रोसफ्ट वा गुगलजस्ता कम्पनीहरू आफैं मूल्य सिर्जना गर्दैनन् । तिनीहरूले संसारभरिका प्रयोगकर्ताहरूको निःशुल्क 'डेटा' (श्रम र समय) लाई कब्जा गरेर र आफ्ना प्राविधिक श्रमिकहरूलाई कम ज्याला दिएर नै खबौंको साम्राज्य खडा गरेका हुन् । यो त मार्क्सले भनेको 'लुट' वा अतिरिक्त मूल्यको शोषणको अझ उन्नत र क्रूर रूप मात्र होइन र ?

५. लेखक तिम्सिनाले व्यक्तिगत सम्पत्ति राख्नुलाई विरोध गरेर 'मानव स्वभाव विपरीत' को विचार राखेको भनेर मार्क्सवादको विरोध गरेका छन् । उनी तर्क गर्छन्- 'व्यक्तिगत सम्पत्ति आर्जन गर्नु मानव स्वभाव हो । मार्क्सवादले निजी धन मास्नुपर्छ भन्छ, त्यसैले यो असफल भयो ।'

यो तर्क पनि लेखक तिम्सिनाको गलत बुझाइ हो । मार्क्सवादले मानिसको मेहनतबाट आर्जित 'व्यक्तिगत सम्पत्ति' ( जस्तै घर, कपडा, गाडी) को विरोध कहिल्यै गरेको छैन । मार्क्सले 'कम्युनिस्ट घोषणापत्र' (१८४८) मा स्पष्ट लेखेका छन्- 'कम्युनिज्मको विशेषता व्यक्तिगत सम्पत्तिको उन्मूलन होइन, बरु बुर्जुवा (पूँजीवादी) सम्पत्तिको उन्मूलन हो ।'

बुर्जुवा सम्पत्ति (प्राइभेट प्रपर्टी) भन्नाले उत्पादनका साधन (कारखाना, जमिन, बैंक) बुझिन्छ, जसको जगमा बसेर पूँजीपतिले अरूको श्रम शोषण गर्छ । मानव स्वभाव स्थिर हुँदैन, यो सामाजिक र आर्थिक सम्बन्ध (मटेरियल कन्डिसन्स) अनुसार बदलिन्छ । आदिम समाजमा निजी सम्पत्तिको अवधारणा नै थिएन । तसर्थ, पूँजीवादी स्वार्थ र लोभलाई "शाश्वत मानव स्वभाव" मान्नु नै एक भ्रम (इडियोलोजिकल इलुजन) हो ।

*६. कम्युनिस्ट पार्टीहरूको संकटः विचारको दोष कि विचलन ?*

लेखक तिम्सिना भन्छन्- 'कम्युनिस्ट पार्टीहरू नेताहरूको कमजोरीले होइन, मार्क्सवादकै त्रुटिपूर्ण सिद्धान्तका कारण असफल वा फुटको सिकार भएका हुन् ।'

उनको यो भनाइ यथार्थपरक देखिन्न । एउटा के कुरा सही हो भने नेपाली कम्युनिस्ट आन्दोलनको असफलताको कारण कोही नेता वा नेताहरुको कमजोरी मात्र चाहिँ पक्कै होइन । मुख्य रूपमा मार्क्सवादी दर्शन तथा सिद्धान्त बुझ्न र व्यवहारमा लागु गर्न नसक्दा नै कम्युनिस्ट आन्दोलनले सही दिशा पक्रन नसकेको हो । यसमा नेताहरू पनि दोषी नहुने भन्ने सवाल रहन्न । अज्ञानता र असक्षमता हाम्रो तर असफलताको दोष चाहिँ मार्क्सवादलाई दिनु ठिक होइन ।

मार्क्सवाद कुनै जडसूत्र (डोग्मा) होइन, यो 'कार्यको लागि मार्गदर्शक' (अ गाइड टु एक्सन) हो । नेपाल वा विश्वका कम्युनिस्ट पार्टीहरूमा देखिएको टुटफुट, भ्रष्टता वा विचलन मार्क्सवाद सम्बन्धमा बुझाइको त्रुटि मात्र होइन, बरु संसदीय संसोधनवाद (रिभिजिनिज्म) र पूँजीवादी अवसरवाद सामु आत्मसमर्पण गर्नुको पनि परिणाम हो । लेनिनले 'राज्य र क्रान्ति' (१९१७) मा भनेझैं, जब क्रान्तिकारीहरूले सिद्धान्तलाई आफ्नो वर्गस्वार्थ अनुकूल बंग्याउँछन् वा संसद्वादमा डुब्छन्, तब आन्दोलनको विघटन सुरु हुन्छ । नेपालका सन्दर्भमा नेताहरूमा वैचारिक स्पष्टताको अभाव र राजनीतिलाई सत्ता प्राप्तिको साधन मात्र बनाउनाले यो संकट पैदा भएको हो ।

लेखक मोहन तिम्सिनाको आलेखले पूँजीवादका केही विकृतिहरू स्वीकार गरे तापनि यसको विकल्प खोज्ने क्रममा मार्क्सवादलाई यान्त्रिक ढाँचामा राखेर खारेज गर्ने प्रयास गरेको छ । मार्क्सवाद इतिहासको अन्त्य होइन, बरु यसले समाजलाई निरन्तर गति दिने वैज्ञानिक दृष्टिकोण (हिस्टोरिकल मटेरियलिज्म) प्रदान गर्दछ ।

आजको नव-उदारवादी संकट, वातावरणीय विनाश र बढ्दो आर्थिक असमानताका बेला मार्क्सवाद झन् बढी सान्दर्भिक साबित भएको छ, केवल यसलाई आजको प्रविधि र परिवेश अनुसार सिर्जनात्मक रूपमा लागु गर्न (क्रिएटिभ एप्लिकेसन) आवश्यक छ । साभारः अनलाइनखबरडकम

# मधेशमा मन्त्रालय ९ वटामा झार्ने सिफारिस



दैनिक समाचारदाता
जनकपुरधाम १८ असार। मधेश प्रदेश सरकारको मन्त्रालय संख्या घटाएर ९ वटामा सीमित गर्न गठित उच्चस्तरीय अध्ययन तथा सिफारिस समितिले सरकारलाई प्रतिवेदन बुझाएको छ। मन्त्रालयबीचको कार्यगत दोहोरोपन हटाउँदै प्रशासनिक खर्च घटाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने र विकास खर्चको दक्षता बढाउने उद्देश्यसहित समितिले यस्तो सिफारिस गरेको हो।

समितिले बिहीबार मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई करिब ५० पृष्ठको प्रतिवेदन हस्तान्तरण गरेको हो। अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित समितिले हालको संरचनाको समीक्षा गर्दै मन्त्रालयको संख्या ९ वटामा सीमित गर्नु उपयुक्त हुने निष्कर्ष निकालेको जनाएको छ।

प्रतिवेदनमा मन्त्रालय संख्या घटाइए प्रशासनिक दक्षता अभिवृद्धि हुने, नीतिगत समन्वय प्रभावकारी बन्ने, सार्वजनिक खर्चमा मितव्ययिता कायम हुने तथा एकीकृत सेवा प्रवाहबाट नागरिकले छिटो, सरल र गुणस्तरीय सेवा पाउने अपेक्षा गरिएको छ। डिजिटल शासन प्रणाली विस्तार र उत्तरदायी प्रशासन निर्माणमा पनि यसले सहयोग पुग्ने समितिको दाबी छ।

समितिले प्रस्तावित पुनर्संरचनाबाट प्रदेश सरकारलाई 'सानो तर सक्षम' प्रशासनिक संरचनामा रूपान्तरण गर्न सकिने उल्लेख गरेको छ। सीमित स्रोत-साधनलाई प्रशासनिक खर्चमा भन्दा विकास निर्माणमा केन्द्रित गर्न मन्त्रालयको संख्या घटाएर कार्यक्षेत्र स्पष्ट बनाउनु आवश्यक रहेको प्रतिवेदनको निष्कर्ष छ।

प्रतिवेदन संविधान, प्रचलित कानुन, प्रदेश सरकारका नीति तथा कार्यक्रम, बजेट वक्तव्य, संघीय सरकारको पुनर्संरचनासम्बन्धी अनुभव, प्रशासनिक सुधारसम्बन्धी अध्ययन तथा प्रदेशको उपलब्ध स्रोत-साधन र जनअपेक्षालाई आधार बनाएर तयार गरिएको समितिले जनाएको छ। साथै मन्त्रालयहरूबीचको कार्यगत दोहोरोपन हटाउने, वित्तीय अनुशासन कायम गर्ने तथा प्रदेश सरकारको संगठनलाई आवश्यकता अनुरूप पुनर्संरचना (राइटसाइजिङ) गर्नुपर्नेमा जोड दिइएको छ।

हाल मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाहेक १२ वटा मन्त्रालय रहेका छन्। मन्त्रालय संख्या तथा कार्यविभाजन पुनरावलोकन गर्न १९ जेठ २०८२ मा समिति गठन गरिएको थियो। समितिलाई मन्त्रालयहरूको कार्यप्रकृति, जिम्मेवारी र कार्यबोझको विश्लेषण गरी गाभ्न वा पुनर्संरचना गर्न सकिने मन्त्रालयको पहिचान गर्दै संशोधित कार्यविभाजन नियमावलीको मस्यौदासहित ३० दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको थियो।

यद्यपि प्रतिवेदनले मन्त्रालय संख्या घटाउँदा प्रशासनिक खर्च बचत र सेवा प्रवाहमा सुधार हुने दाबी गरे पनि यसको वास्तविक प्रभाव कार्यान्वयनको शैलीमा निर्भर रहने देखिन्छ। मन्त्रालय घटाउनु मात्र प्रशासनिक सुधारको पर्याप्त आधार होइन; कर्मचारी व्यवस्थापन, कार्यविभाजनको स्पष्टता, निर्णय प्रक्रियाको पारदर्शिता र विकास योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न नसके संरचनात्मक परिवर्तनले अपेक्षित परिणाम दिन सक्दैन। त्यसैले प्रतिवेदन कार्यान्वयनसँगै सुशासन र सेवा प्रवाहमा देखिने सुधार नै यसको सफलताको वास्तविक मापदण्ड हुनेछ।

प्रदेश सरकारले प्रतिवेदन कार्यान्वयन गरे आगामी साउनदेखि मन्त्रालयको संख्या हालको १२ बाट घटेर ९ मा पुग्नेछ।

# विमानस्थलबाट ८२ लाखको सुन-चाँदी बरामद

दैनिक समाचारदाता
काठमाडौँ, १८ असार । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालयले करिब ८२ लाख रुपैयाँ बराबरको सुन र चाँदी बरामद गरेको छ। परीक्षणका क्रममा बरामद गरिएका सबै सुन तथा चाँदीका गरगहना सक्कली भएको पुष्टि भएको छ।

कार्यालयका अनुसार असार १६ गते जुत्ता, पाइन्ट, सारी तथा अन्य कपडाको सामान भन्दै लुकाइछिपाई ल्याइएको अवस्थामा बरामद गरिएका गरगहनाको बिहीबार काठमाडौँ सुनचाँदी व्यवसायी सङ्घ, क्षेत्रपाटीमा परीक्षण गरिएको थियो। परीक्षणपछि सुनजस्तो देखिने गरगहना सक्कली सुन र चाँदीजस्तो देखिने गरगहना सक्कली चाँदी भएको पुष्टि भएको हो।



विमानस्थल सुरक्षा कार्यालयका अनुसार बरामद गरिएको सुनको तौल २८५.१७८ ग्राम रहेको छ, जसको बजार मूल्य ६७ लाख ३४ हजार ३५० रुपैयाँ निर्धारण गरिएको छ। त्यसैगरी, तीन किलोग्राम ९१४.६५० ग्राम चाँदीको मूल्य १४ लाख ३८ हजार ४३ रुपैयाँ रहेको छ। यससँगै बरामद गरिएको सुन र चाँदीको कुल मूल्य ८१ लाख ७२ हजार ३९३ रुपैयाँ पुगेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार वैध रूपमा खरिद गरिएको सुन तथा चाँदी कानुनी प्रक्रिया पूरा गरी भन्सारमार्फत आयात गर्न सकिने व्यवस्था हुँदाहुँदै ती धातु गार्मेन्टका सामानका रूपमा लुकाइछिपाई कुरियरमार्फत ल्याउन खोजिएको थियो।

बरामद गरिएको सुन तथा चाँदी सम्बन्धी थप अनुसन्धानका लागि सामग्रीलाई त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरमा पठाइएको छ। घटनाबारे आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको विमानस्थल सुरक्षा कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी उपरीक्षक (एसपी) राजकुमार सिलवालले जानकारी दिनुभयो।

# नयाँ बसपार्कमा यात्रुलाई सास्ती दिने २३ जना पक्राउ

काठमाडौँ, १८ असार । ट्राफिक प्रहरीले गोँगबुस्थित नयाँ बसपार्कमा यात्रुलाई दुःख हैरानी दिने २३ जनालाई पक्राउ गरेको छ ।



काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयको टोलीले नयाँबसपार्क क्षेत्रमा सार्वजनिक सवारीका यात्रुलाई दुःख हैरानी दिने २३ जनालाई पक्राउ गरेको हो ।

काठमाडौँ महानगरपालिका-२६ स्थित नयाँबसपार्क क्षेत्रमा यात्रु तान्ने, झोला खोस्ने र अनावश्यक हैरानी दिने गरेको जनगुनासोका आधारमा ट्राफिक प्रहरीले पक्राउ गरेको कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा रूपन्देहीका डोलराज सेन, गोरखाका प्रदीप भुजेल, जुम्लाका लोकदर्शन पाण्डे, बाँकेका सन्देश शाही, बाँकेका मिलन भण्डारी, दाङका रमेश खत्री र विकास घर्ती, रोल्पाका किरण पुन, रूपन्देहीका रोहित विक, कास्कीका सन्तोष शाही, डडेलधुराका शिवराज भट्टराई, मुगुका कविराज रोकाय, दाङका प्रकाश खत्री रहेका छन् ।

रूपन्देहीका रवीन विश्वकर्मा, उदयपुरका जितबहादुर मगर, कैलालीका कृष्णप्रसाद कठरिया, दाङका विजय नेपाली, कैलालीका पदम ओली, दाङका रिजन घर्तीमगर, स्याङ्जाका कमल ज्ञवाली, कैलालीका दिपक न्यौपाने, मनोज साउद र प्रेम विष्ट रहेका छन्।

पक्राउ परेकालाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी परिसर, काठमाडौँ पठाइएको प्रवक्ता सुवेदीले बताउनुभयो ।

नयाँबसपार्क क्षेत्रलाई सुरक्षित र मर्यादित बनाउन तथा यात्रुको सहज आवागमन सुनिश्चित गर्न ट्राफिक प्रहरीले पछिल्लो समय यस्ता अभियान सञ्चालन गर्दै आएको छ । रासस

# सप्तरीमा ३०० विद्यार्थीलाई लागुऔषधविरुद्ध सचेतना

दैनिक समाचारदाता
सप्तरी, १८ असार । सप्तरीको राजगढ गाउँपालिका-स्थित जनता शङ्कर माध्यमिक विद्यालय, नर्घोका ३०० विद्यार्थीलाई लागुऔषध दुर्व्यसनबाट बच्न र यसको दुष्परिणामबारे सचेत गराउने उद्देश्यले सचेतनामूलक प्रशिक्षण प्रदान गरिएको छ।



राजगढ गाउँपालिकाको आर्थिक सहयोग तथा मिसन मधेश मिडिया प्रालिको आयोजनामा सम्पन्न प्रशिक्षणमा लागुऔषधको प्रयोगले व्यक्ति, परिवार र समाजमा पार्ने नकारात्मक असर, यससम्बन्धी कानुनी व्यवस्था तथा दुर्व्यसनबाट जोगिने उपायबारे जानकारी दिइएको थियो।

प्रशिक्षणका सहजकर्ता अधिवक्ता सतिशकुमार दत्तले उत्सुकता, साथीको दबाब वा क्षणिक मनोरञ्जनका लागि लागुऔषध सेवन सुरु गर्ने धेरै युवायुवती अन्ततः दुर्व्यसनको सिकार बन्ने गरेको उल्लेख गर्दै विद्यार्थीले सुरुदेखि नै 'नाइँ' भन्न सक्ने क्षमता विकास गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले लागुऔषधले शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था र भविष्यमा गम्भीर असर पार्ने भएकाले सचेत र जिम्मेवार बन्न विद्यार्थीलाई आग्रह गर्नुभयो।

त्यसैगरी, प्रहरी चौकी झुट्कीका प्रहरी नायब निरीक्षक विनोद खत्रीले नेपालमा लागुऔषधसम्बन्धी कानुनी व्यवस्था, यसको ओसारपसार, बिक्रीवितरण तथा सेवनमा हुने कानुनी कारबाहीबारे जानकारी गराउँदै लागुऔषध नियन्त्रण अभियानमा विद्यार्थी स्वयं सचेत नागरिकका रूपमा सक्रिय भूमिका खेल्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागी कक्षा १० का विद्यार्थी चितनारायण मण्डल र मेनुका कुमारी यादवले प्रशिक्षणबाट लागुऔषध सेवनले स्वास्थ्य, अध्ययन र भविष्यमा पार्ने गम्भीर असरबारे नयाँ जानकारी प्राप्त भएको प्रतिक्रिया दिनुभयो। उहाँहरूले आफू मात्र नभई आफ्ना साथीभाइलाई पनि लागुऔषधको प्रयोगबाट टाढा रहन प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

आयोजकका अनुसार विद्यालय तहमा सञ्चालन गरिने यस्ता सचेतनामूलक कार्यक्रमले विद्यार्थीमा लागुऔषधप्रति सही बुझाइ विकास गर्न, दुर्व्यसनको जोखिम न्यूनीकरण गर्न तथा सुरक्षित, स्वस्थ र जिम्मेवार जीवनशैली अपनाउन महत्त्वपूर्ण योगदान पुर्‍याउने विश्वास गरिएको छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# मन्त्रिपरिषद्का १० निर्णय, नियुक्तिदेखि नीति स्वीकृतिसम्म

दैनिक समाचारदाता

काठमाडौं, १८ असार । बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले नियुक्ति, सरुवा, नीतिगत स्वीकृति तथा कानुनी संशोधनसँग सम्बन्धित १० वटा महत्त्वपूर्ण निर्णय गरेको छ।

सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार बैठकले सूचना तथा सञ्चार मन्त्रालयको प्रस्तावमा हिक्मतबहादुर रावललाई गोरखापत्र संस्थानको महाप्रबन्धकमा नियुक्त गर्ने निर्णय गरेको छ। रावल कैलाली निवासी हुन्।

बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा अर्थसम्बन्धी केही नेपाल कानुन संशोधन तथा खारेज गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ।

त्यसैगरी, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको



प्रस्तावमा संयुक्त राष्ट्रसंघको सामुद्रिक कानुन महासन्धिअन्तर्गत राष्ट्रिय क्षेत्राधिकारभन्दा बाहिरको सामुद्रिक जैविक विविधताको संरक्षण तथा दिगो प्रयोगसम्बन्धी सम्झौता अनुमोदनका लागि सङ्घीय संसद्मा पेस गर्न स्वीकृति प्रदान गरिएको छ।

गृह मन्त्रालयको प्रस्तावअनुसार नेपाल प्रहरीका आठ प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी)को सरुवा गर्ने निर्णय पनि बैठकले गरेको छ।

पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समितिको रिक्त कार्यकारी निर्देशक पदमा धर्मराज खड्कालाई नियुक्त गर्ने निर्णय गरिएको छ। खड्का धनकुटाका हुन्।

यस्तै, सूचना तथा सञ्चार मन्त्रालयकै प्रस्तावमा देवराज ढुङ्गानालाई सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकमा नियुक्त गर्ने निर्णय गरिएको छ। उनी मोरङ निवासी हुन्।

मन्त्रिपरिषद्ले सामाजिक तथा प्रशासनिक सुधारसँग सम्बन्धित विभिन्न नियमावली तथा नीतिहरू पनि स्वीकृत गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा 'कमैया श्रम (निषेध गर्ने) सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०८३' स्वीकृत गरिएको छ।

त्यसैगरी, शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालयको प्रस्तावमा 'शिक्षा (दशौं संशोधन) नियमावली, २०८३', 'राष्ट्रिय सदाचार नीति, २०८३' र 'राष्ट्रिय विज्ञापन नीति, २०८३' समेत स्वीकृत गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ता पोखरेलले जानकारी दिए।

# मन्त्रिपरिषद्बाट आठ एआईजीको जिम्मेवारी हेरफेर



दैनिक समाचारदाता

काठमाडौं, १८ असार । मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरीका आठ प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी)को सरुवा गरेको छ।

गृह मन्त्रालयको प्रस्तावमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न विभाग तथा कार्यालयमा कार्यरत एआईजीहरूको जिम्मेवारी हेरफेर गर्ने निर्णय गरेको हो।

सरुवा सूचीअनुसार कार्य विभागका एआईजी उमा चतुर्वेदीलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)मा सरुवा गरिएको छ। सीआईबीमा कार्यरत एआईजी डा. मनोज केसीलाई भने अपराध अनुसन्धान विभागमा पठाइएको छ। यस्तै, काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा एआईजी सुशील सिंह राठौरलाई सरुवा गरिएको छ। त्यहाँ कार्यरत एआईजी ईश्वर कार्कीको मानव स्रोत विकास विभागमा सरुवा भएको छ।

मानव स्रोत विकास विभागका एआईजी राजन अधिकारीलाई नेपाल प्रहरी प्रशिक्षण प्रतिष्ठान (प्रहरी एकेडेमी)मा पठाइएको छ भने प्रतिष्ठानमा कार्यरत एआईजी सिद्धिविक्रम शाहलाई कार्य विभागमा सरुवा गरिएको छ।

त्यसैगरी, प्रदेश समन्वय विभागका एआईजी डम्बर विकलाई प्रशासन विभागमा सरुवा गरिएको छ। प्रशासन विभागमा कार्यरत एआईजी हिमालयकुमार श्रेष्ठलाई प्रदेश समन्वय विभागमा पठाइएको छ।

# गाली बेइज्जती मुद्दामा पत्रकार भण्डारी जेल चलान

धनगढी, १८ असार । गाली बेइज्जती मुद्दामा अदालतबाट कैद र जरिवानाको सजाय पाएका पत्रकार खेम भण्डारीलाई कञ्चनपुर प्रहरीले पक्राउ गरी कारागार चलान गरेको छ।

अदालतबाट एक महिना सात दिन कैद र १२ हजार १०० रुपैयाँ जरिवानाको सजाय पाएका भण्डारीलाई बिहीबार कारागार पठाइएको हो।

भण्डारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम जरिवाना तिरेर कैद अवधि मिलान गर्न पाउँ भन्दै कानुन व्यवसायीमार्फत कञ्चनपुर जिल्ला अदालतमा निवेदन दिएका थिए। तर, जिल्ला अदालतका न्यायाधीश राजेन्द्रसिंह भण्डारीको इजलासले उक्त माग अस्वीकार गरेपछि उनलाई कारागार चलान गरिएको अदालतका तहसिलदार नारायणदत्त ओझाले जानकारी दिए।

ओझाका अनुसार दफा



१५५ अन्तर्गतको सुविधा पहिलो पटक कैद सजाय पाएका प्रतिवादीलाई मात्र लागू हुने व्यवस्था छ। भण्डारी यसअघि पनि कैद सजाय भोगिसकेका व्यक्ति भएकाले उक्त सुविधा प्राप्त गर्न नसकेको अदालतको भनाइ छ।

यसअघि पनि निर्मला पन्त हत्या प्रकरणसँग सम्बन्धित अर्को मुद्दामा भण्डारीलाई एक घण्टा कैद र एक रुपैयाँ जरिवानाको सजाय भएको थियो।

पछिल्लो पटक निर्मला पन्त बलात्कारपछि हत्या प्रकरणसँग सम्बन्धित विषयमा प्रकाशित सामग्रीलाई लिएर दायर भएको गाली बेइज्जती मुद्दामा कञ्चनपुर जिल्ला अदालतले १ जेठ २०८२ मा भण्डारीलाई दोषी ठहर गरेको थियो। जिल्ला अदालतले उनलाई एक महिना कैद, १० हजार रुपैयाँ जरिवाना तथा एक लाख रुपैयाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनाएको थियो।

पछि उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासले थप सात दिन कैद र दुई हजार १०० रुपैयाँ जरिवाना गर्ने फैसला गरेपछि उनको कुल सजाय एक महिना सात दिन कैद र १२ हजार १०० रुपैयाँ जरिवाना कायम भएको हो।

निर्मला पन्त हत्या प्रकरणमा आफूलाई तथ्यहीन रूपमा जोडेर समाचार प्रकाशन गरेको आरोप लगाउँदै कञ्चनपुरका तत्कालीन प्रहरी उपरीक्षक (एसपी) दिल्लीराज विष्ट (हाल अवकाशप्राप्त एसएसपी)का छोरा किरण विष्टले भण्डारीविरुद्ध गाली बेइज्जतीको मुद्दा दायर गरेका थिए। किरण विष्ट पनि पत्रकार हुन् र हाल राष्ट्रिय समाचार समितिमा कार्यरत छन्। वि.सं. २०७५ साउन १० गते साथीको घरमा पढ्न गएको भन्दै घरबाट निस्किएकी निर्मला पन्त भोलिपल्ट भीमदत्त नगरपालिकास्थित निम्बुखेडा खोलाको किनारमा मृत अवस्थामा फेला परेकी थिइन्। देशव्यापी रूपमा चर्चित बनेको उक्त घटनाका वास्तविक दोषी हालसम्म पहिचान हुन सकेका छैनन्।

# ब्राउन सुगरसहित युवक पक्राउ





दैनिक समाचारदाता

सिरहा, १८ असार । सिरहाको मिर्चैया नगरपालिका-५ स्थित थाना चोकबाट प्रहरीले ब्राउन सुगरसहित एक युवकलाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय मिर्चैयाका अनुसार गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले शंकास्पद अवस्थामा रहेका मिर्चैया नगरपालिका-५ निवासी अन्दाजी २० वर्षीय राहुल कुमार साहलाई नियन्त्रणमा लिएर शरीर खानतलासी गरेको थियो।

खानतलासीका क्रममा उनले लगाएको जिन्स पाइन्टको खल्तीबाट ५५ वटा साना कालो प्लास्टिकका प्याकेटमा राखिएको ब्राउन सुगरजस्तो देखिने पदार्थ बरामद भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बरामद पदार्थको तौल प्लास्टिकसहित ८ ग्राम ९० मिलिग्राम तथा प्लास्टिकबाहेक २ ग्राम ४० मिलिग्राम रहेको छ। साथै, साहको साथबाट नगद दुई हजार ६२० रुपैयाँ पनि बरामद गरिएको छ।

प्रहरीले बरामद लागूऔषध र नगदसहित साहलाई नियन्त्रणमा लिई लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान अघि बढाएको जनाएको छ।

# थमन विकास हत्यामा पूर्वसांसद कोइरी पक्राउ

दैनिक समाचारदाता

जनकपुरधाम १८ असार। नेकपा एमालेका पूर्वसांसद लक्ष्मी महतो कोइरी पक्राउ परेका छन्। थमन विक हत्या प्रकरणमा उच्च अदालत जनकपुरबाट दोषी ठहर भई पाँच वर्ष कैद सजाय सुनाइएपछि प्रहरीले उनलाई महोत्तरीको गौशालाबाट पक्राउ गरेको हो।

यसअघि महोत्तरी जिल्ला अदालतले उक्त मुद्दामा कोइरीलाई सफाइ दिएको थियो। तर जिल्ला अदालतको फैसला पुनरावलोकन गर्दै उच्च अदालत जनकपुरले बुधबार उनलाई पाँच वर्ष कैद सजाय हुने फैसला सुनाएको थियो। अदालतको आदेशलगत्तै प्रहरीले उनलाई गौशाला नगरपालिका-निगौलस्थित निवास क्षेत्रबाट नियन्त्रणमा लिएको जनाएको छ।

यो घटनाले एउटै मुद्दामा



जिल्ला र उच्च अदालतबाट फरक-फरक फैसला आउँदा न्यायिक प्रक्रियाप्रति हुने बहसलाई पुनः चर्चामा ल्याएको छ। उच्च अदालतको पछिल्लो आदेशसँगै लामो समयदेखि चर्चामा रहेको थमन विक हत्या प्रकरणले नयाँ मोड लिएको छ।

प्रहरीले अदालतको आदेश कार्यान्वयनका लागि कोइरीलाई पक्राउ गरी आवश्यक कानुनी प्रक्रिया अघि बढाएको जनाएको छ।

# विष्णु पौडेलको बन्दी प्रत्यक्षीकरण रिट खारेज


दैनिक समाचारदाता

काठमाडौं, १८ असार । सर्वोच्च अदालतले पूर्वअर्थमन्त्री विष्णु पौडेललाई गैरकानुनी रूपमा हिरासतमा राखिएको दाबी गर्दै दायर गरिएको बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरेको छ।

पौडेलकी पत्नी दोमाया पौडेलले सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिने विशेष अदालतको आदेशविरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्।

उक्त रिटमाथि न्यायाधीश विनोद शर्मा र नित्यानन्द पाण्डेको संयुक्त इजलासले बिहीबार सुनुवाइ गर्दै रिट खारेज गर्ने निर्णय गरेको हो। यसैबीच, विशेष अदालतले पनि बिहीबार नै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पौडेलमाथि थप अनुसन्धान गर्न थप ६ दिन हिरासतमा राख्ने अनुमति दिएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४